# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, पौष २७ गते, २०८२ साल (संख्या ८


## भाग ३

## सुदूरपश्चिम प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालयको सूचना

## <u>सुदूरपश्चिम प्रदेश वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन कार्यविधि,२०८२</u>



**प्रस्तावना:** वृत्ति, रोजगारी, सीप तथा जीवनपर्यन्त सिकाइलाई श्रम बजारको आवश्यकता, वैयक्तिक रुची, खुबी र क्षमता अनुसार दिगो, मर्यादित र व्यवस्थित रुपमा मार्ग निर्देशित गर्न र युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका कामदार, विद्यालय, स्थानीय क्लब र युवासँग सम्बन्धित संघसंस्थालाई सूचना, परामर्श, एवम् वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न आवश्यक भएकोले,

सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ को दफा ४४ को अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि स्वीकृत गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस कार्यविधिको नाम “सुदूरपश्चिम प्रदेश वृत्ति मार्गनिर्देशन सेवा  सञ्चालन कार्यविधि, २०८२” रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कामदार" भन्नाले उद्योग, व्यवसायको उत्पादन वा सेवा प्रदान गर्ने कार्य तथा त्यस्तो कार्यसँग सम्बन्धित अरु कुनै आकस्मिक काम गरे बापत पारिश्रमिक दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्दछ।

(ख) "डाटावेस प्रणाली" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी परामर्शको लागि आएका सेवाग्राहीहरुको

विवरण, रोजगारदाताहरुले प्रदान गर्ने सेवा तथा आवश्यक जनशक्ति सम्बन्धी विवरण र वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी जानकारीमूलक सामग्री राखिने अनलाइन प्रणालीलाई सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

(घ) "निर्देशक समिति" भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनु पर्दछ।

(ङ) "निर्देशन पुस्तिका" भन्नाले विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनका लागि तयार गरिएको पुस्तिका सम्झनु पर्दछ।

(च) "युवा" भन्नाले उच्च शिक्षा वा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम हासिल गर्ने वा रोजगारीको खोजीमा रहेका युवा सम्झनु पर्दछ।

(छ) "रोजगार सेवा केन्द्र" भन्नाले सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय तह मातहत सञ्चालनमा रहेका रोजगार सेवा केन्द्र सम्झनु पर्दछ।

(ज) "विद्यार्थी" भन्नाले विद्यालयमा कक्षा ८ वा सो भन्दा माथि अध्ययनरत विद्यार्थी सम्झनु पर्दछ ।

(झ) "विद्यालय/शैक्षिक संस्था" भन्नाले सामुदायिक र संस्थागत विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस तथा मान्यता प्राप्त तालिम प्रदायक संस्था सम्झनु पर्दछ।





(ञ) "वृत्ति" भन्नाले व्यक्तिले आफ्नो ज्ञान, सीप र क्षमताको प्रयोग गरी कुनै पनि नियमित आयमुलक र जीवनयापन गर्न सकिने पेशा वा व्यवसाय सम्झनु पर्दछ।

(ट) "वृत्ति जानकारी पुस्तिका" भन्नाले विभिन्न वृत्तिहरुको बारेमा विस्तृत रुपमा तयार गरिएको पुस्तिकालाई सम्झनु पर्दछ ।

(ठ) "वृत्ति मार्गनिर्देशन संयोजक” भन्नाले वृत्ति मार्गनिर्देशन सेवा केन्द्रमा सेवा प्रदान गर्नको लागि तोकिएको व्यक्ति सम्झनु पर्दछ।

(ड) “सहजकर्ता" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नको लागि वृत्ति मार्गनिर्देशन सेवा केन्द्रमा तोकिएको व्यक्ति सम्झनु पर्दछ।

(ढ) "वृत्ति मार्गनिर्देशन शिक्षक" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयका वृत्तिमार्ग निर्देशन सम्बन्धी कम्तीमा सात दिनको तालिम लिएका शिक्षक सम्झनु पर्दछ।

(ण) "वृत्ति मार्गनिर्देशन सेवा" भन्नाले युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका वा कामदारलाई वृत्ति मार्गनिर्देशन/परामर्शको लागि यस कार्यविधि अनुसार प्रदान गरिने सेवा सम्झनु पर्दछ।

(त) “लक्षित वर्ग” भन्नाले युवा, विद्यार्थी, कामदार र वैदेशिक रोजगारीबाट फर्किएका कामदार सम्झनु पर्दछ।

(थ) "स्थानीय क्लब/संघ/संस्था" भन्नाले सुदूरपश्चिम प्रदेशभित्र नियमानुसार दर्ता भई स्थानीय तहमा सञ्चालनमा रहेका सेवामुलक क्लव/संघ/ संस्थाहरु सम्झनु पर्दछ।

(द) "स्थानीय तह" भन्नाले सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय तहहरु सम्झनु पर्दछ।

(ध) “सेवा केन्द्र” भन्नाले वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी लक्षित वर्गलाई परामर्श दिन यस कार्यविधि बमोजिम स्थापना गरिएको वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सम्झनुपर्छ।

## परिच्छेद-२

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी व्यवस्था

३. **वृत्ति मार्गनिर्देशन सेवाका उद्देश्यहरुः** यस कार्यविधि बमोजिम प्रदान गरिने सेवाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) विद्यार्थी, युवा, विदेशबाट फर्किएका व्यक्तिहरु तथा कामदारहरुलाई वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी गुणस्तरीय एवं प्रभावकारी सूचना तथा परामर्श प्रदान गर्नु,

(ख) स्थानीय तह तथा विद्यालयहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नु,

(ग) वृत्ति मार्ग सम्बन्धी सूचना एवम् जानकारीमूलक सामाग्रीहरुको उत्पादन गर्नु ।





४. **वृत्ति मार्गनिर्देशन अन्तर्गत प्रदान गरिने सेवाः** वृत्ति मार्गनिर्देशन सेवा अन्तर्गत देहायका सेवाहरु प्रदान गरिनेछः-

(क) रुची, खुबी र दक्षता अनुरुपको विषय/पेशा अबलम्बन गर्नको लागि वृत्ति जाँच तथा शैक्षिक संस्था, पेशा, र श्रम बजार सम्बन्धी जानकारी,

(ख) वृत्ति, सीप, रोजगारी तथा जीवनपर्यन्त सिकाई सम्बन्धी सूचनामूलक सामग्रीको उत्पादन, प्रशारण, प्रकाशन, प्रवोधीकरण तथा वितरण,

(ग) कामको खोजीमा रहेका युवा, विद्यार्थी, कामदारहरुको विवरण तथा तालिम लिन र उच्च अध्ययनका लागि सम्भावित शैक्षिक संस्थाको तथ्यांक सङ्कलन, तालिकीकरण तथा विश्लेषण,

(घ) बेरोजगार व्यक्ति, रोजगारमा रहेका व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको सीप र क्षमताको मूल्याङ्कनका आधारमा रोजगारी तथा स्वरोजगारीका अवसर र सम्भावनाका बारेमा मार्गनिर्देशन तथा परामर्श,

(ङ) विद्यार्थी/युवाहरुलाई शिक्षाको साधारण धार वा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम छनोट सम्बन्धी परामर्श,

(च) स्थानीय तहको रोजगार सेवा केन्द्र/विद्यालय तथा सीप विकास इकाईबाट प्रदान हुने सेवा वीच सामञ्जस्यता कायम गर्न आवश्यक समन्वय र सहजीकरण,

(छ) विद्यार्थी तथा युवाहरुको रुची, खुबी र क्षमताको पहिचान गरी उपयुक्त वृत्तिपथ छनोट गर्न सहजीकरण,

(ज) स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई उनीहरूले अध्ययन गरेको विषय, अभिरूचीको क्षेत्र, व्यक्तिगत क्षमता र दक्षताको मूल्याङ्कनका आधारमा रोजगारी तथा स्वरोजगारीका अवसर र सम्भावनाका बारेमा मार्गनिर्देशन तथा परामर्श,

(झ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी तालिम, गोष्ठी तथा सिकाई अन्तरक्रिया,

(ञ) श्रम बजार प्रवेश गर्नका लागि आवश्यक सीपहरु (जस्तैः वृत्ति परामर्श/मार्गनिर्देशन व्यवस्थापन सीप (Career Management Skills), व्यक्तिगत विवरण (CV) तयारी, अन्तर्वार्ता सम्बन्धी अभ्यास लगायत) विकास सम्बन्धी कार्य,

(ट) रोजगार र वृत्ति विकास सम्बन्धी सूचना तथा तथ्यांकमा प्रविधिको माध्यमबाट सर्वसाधारणको पहुँच र उपयोगमा अभिवृद्धि,

(ठ) लक्षित वर्गलाई पारस्पारिक सिकाई तथा अनुभवको आदानप्रदान,

(ड) विद्यालय देखि श्रम बजार सम्मको तयारी (School to Work Transition) को लागि विभिन्न जानकारी तथा सेवा,





(ढ) तनाव व्यवस्थापन तथा मनोसामाजिक परामर्श सम्बन्धी कार्य,

(ण) जीवन उपयोगी सीप (life skills/soft skills) सम्बन्धी अभिमूखीकरण तथा प्रशिक्षण।

५. <u>वृत्ति मार्गनिर्देशन सेवा केन्द्र स्थापना तथा सञ्चालनः</u> (१) यस कार्यविधि अनुसार प्रदेश स्तरमा वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न मन्त्रालय अन्तर्गतको शिक्षा तालिम केन्द्र मातहत रहने गरी कैलाली जिल्लाको धनगढीमा वृत्ति मार्गनिर्देशन सेवा केन्द्र स्थापना गरिनेछ।

(२) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

(३) वृत्ति मार्गनिर्देशन सेवालाई सुलभ, प्रभावकारी र दिगो रुपमा प्रदान गर्नको लागि निम्नानुसारको जनशक्ति रहने गरी अस्थायी दरबन्दी सिर्जना गरिनेछ।

| | |
|---|---|
| (क) वृत्ति मार्गनिर्देशन संयोजक | – १ जना |
| (ख) वृत्ति मार्गनिर्देशन अधिकृत | – १ जना |
| (ग) वृति मार्गनिर्देशन सहजकर्ता/काउन्सेलर | – १ जना |
| (घ) कार्यालय सहयोगी | – १जना |

६. <u>वृत्ति मार्गनिर्देशन सेवा केन्द्रका कार्यहरूः</u> (१) यस कार्यविधिमा अन्यत्र उल्लेख भए बाहेक प्रदेश तथा स्थानीय तहमा संचालित वृत्ति मार्ग निर्देशन सेवा केन्द्र र क्याम्पस/विद्यालय/शिक्षालयबाट देहाय अनुसारका कार्यहरु सम्पादन हुनेछन्:-

(क) वृत्ति मार्ग निर्देशन/परामर्श सेवा प्रदान गर्नको लागि विभिन्न विधि, पद्धति, सामग्री तथा उपकरणहरु प्रयोग गरी लक्षित व्यक्ति/समूहको खुवी, रूची र क्षमता अनुसारको उपयुक्त क्षेत्र र वृत्तिपथ पहिचान गर्ने,

(ख) पहिचान भएको क्षेत्र र वृत्तिपथ सम्बन्धी मार्गनिर्देशन सेवा उपलब्ध गराउने,

(ग) वृत्ति मार्गनिर्देशन सेवालाई सूचना तथा प्रविधिको माध्यमबाट सञ्जालीकरण गर्ने,

(घ) सीप, वृत्ति आंकलन/जाँचबुझ बिधि र औजारको विकास गर्ने,

(ङ) विद्यार्थी/युवावर्ग, विभिन्न व्यक्ति तथा सेवाग्राहीहरुलाई वृत्ति मार्ग-निर्देशन/परामर्श सेवा प्रदान गर्नको लागि आचारसंहिता तथा मापदण्ड तय गर्ने,

(च) अडियो तथा भिडियो सामग्रीको विकास गर्ने,

(छ) अन्तरक्रियात्मक सिकाई विधिहरु सञ्चालन गर्ने,

(ज) अनलाइन जाँच गर्ने विधिहरु तय गरी लागू गर्ने,

(झ) साइकोमेट्रीक जाँच तथा आचरण/योग्यता जाँचको लागि विभिन्न विधि/औजार (Tools) विकास गर्ने,

(ञ) अनलाइन डिजिटल प्लेटफर्म मार्फत सेवाको विस्तार तथा लक्षित बर्गको पहुँच बढाउने,





(ट) तनाव व्यवस्थापन, मानसिक तथा मनोसामाजिक स्वस्थ सेवाको विभिन्न विधि, पद्धति, सामग्रीहरु तयार गरी लक्षित समूहको लागि सेवा प्रदान गर्ने,

(ठ) जीवन उपयोगी सीप (life skills/soft skills) सम्बन्धी अभिमुखीकरण, प्रशिक्षण तथा सेवा प्रदान गर्ने,

(ड) विद्यालय शैक्षिक संस्थाहरु मार्फत वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न आवश्यक पर्ने जनशक्तिको क्षमता विकास गर्ने,

(ढ) विद्यार्थीहरुलाई वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न आवश्यक सामग्रीहरुको विकास गरी विद्यालयस्तरमै सेवा प्राप्त गर्ने अवसरको सुनिश्चितताको लागि कार्य गर्ने ।

७. **सेवा लिने प्रक्रिया**ः लक्षित वर्ग तथा समूहले वृति मार्गनिर्देशन सम्बन्धी सेवा लिनको लागि सम्बन्धित विद्यालय, स्थानीय सरकार अन्तर्गतको सेवा केन्द्र वा प्रदेश स्तरीय वृत्ति मार्गनिर्देशन सेवा केन्द्रमा भौतिक रुपमा उपस्थित भई वा अनलाईन डिजिटल सेवा मार्फत देहायका प्रकृया पूरा गरी सेवा लिन सक्ने छन्।

(क) **सेवा लिन दर्ता हुनुपर्ने**ः सेवा लिन चाहने व्यक्तिले व्यक्तिगत विवरण (नामथर, स्थायी र अस्थायी ठेगाना, योग्यता, रुची, खुबी, र तालिम लिएको छ भने त्यसको विवरण साथै सम्पर्क नम्बर वा ईमेल सहित) भौतिक रुपमा उपस्थित भई वा अनलाइन डिजिटल सेवा मार्फत दर्ता हुनुपर्नेछ ।

(ख) <u>वृत्ति परामर्श सेवा प्रदान गर्नुपर्नेः</u> सेवा लिन दर्ता भएका व्यक्तिहरुलाई व्यक्तिगत वा सामुहिक रुपमा वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ। सेवा प्रदान गर्दा आवश्यकता अनुसार विद्यालय वा स्थानीय तहको सेवा केन्द्रले अन्य सेवा केन्द्र वा विषय विज्ञबाट सहयोग लिन सक्नेछन् ।

(ग) <u>सेवा प्रदान गर्न पठाउन सक्नेः</u> प्रदेशस्तरको वृत्ति मार्ग निर्देशन सेवा केन्द्रले केन्द्रमा दर्ता भएका व्यक्तिहरूलाई पायक पर्ने स्थानीय तह वा विद्यालयमा र स्थानीय तहमा सञ्चालनमा रहेको सेवा केन्द्रले सम्बन्धित स्थानीय तह भित्रको पायक पर्ने विद्यालयमा परामर्श सेवा प्रदान गर्नको लागि पठाउन सक्नेछ।

(घ) <u>सहजिकरण गर्न सक्नेः</u> विभिन्न निकायहरूबाट आयोजना गरिने वृत्ति मार्गनिर्देशन सेवा तथा रोजगार मेलाहरुमा केन्द्रले आवश्यक समन्वय र सहजिकरण गर्न सक्नेछ।

(ङ) <u>विद्यालय/ शैक्षिक संस्थाहरुले सेवा प्रदान गर्नुपर्नेः</u> विद्यार्थीहरुका लागि सम्बन्धित विद्यालय/शैक्षिक संस्थाले विद्यालय/शैक्षिक संस्थामै वृत्ति मार्गनिर्देशन एकाई मार्फत सेवा प्राप्त गर्ने व्यवस्था गर्न सक्नेछन्। उक्त कार्यका लागि सेवाकेन्द्रले आवश्यक सहयोग र सहजीकरण गर्नेछ।





## परिच्छेद-३

## <u>वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी संरचनात्मक व्यवस्था</u>

८. <u>निर्देशक समितिः</u> (१) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई मार्गनिर्देशन प्रदान गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) निर्देशक, शिक्षा विकास निर्देशनालय - सदस्य

(ग) निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय - सदस्य

(घ) महाशाखा प्रमुख, प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम हेर्ने, मन्त्रालय - सदस्य

(ङ) महाशाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद महाशाखा, धनगढी उपमहानगरपालिका - सदस्य

(च) अध्यक्ष, प्रदेश उद्योग बाणिज्य महासंघ - सदस्य

(छ) तालिम प्रमुख, शिक्षा तालिम केन्द्र -सदस्य सचिव

(२) निर्देशक समितिले बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

९. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको ढाँचा र स्वरूप सम्बन्धमा आवश्यक मार्ग निर्देशन गर्ने,

(ख) श्रोत परिचालनको लागि स्थानीय तह, गैर सरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्यका लागि मार्गदर्शन गर्ने,

(ग) प्रदेशभित्र सञ्चालन हुने वृत्ति मार्गनिर्देशन सेवाको लागि सरोकारवालाहरु बीच आवश्यक समन्वय र सहकार्य गर्ने, गराउने,

(घ) वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक बजेट कार्यक्रम र जनशक्तिको व्यवस्थापन गराउने,

(ङ) संचालित सेवाको अनुगमन, मूल्याङ्कन र आवश्यक सुधारको लागि निर्देशन गर्ने ।

१०. <u>वृत्ति मार्गनिर्देशन संयोजक र अधिकृतको काम, कर्तव्य र अधिकार</u>ः वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको संयोजक र अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

(क) वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गरी समितिमा पेश गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन/परामर्श सेवाका लागि जनशक्ति व्यवस्थापन लगायतको आवश्यक कार्य संयोजन गर्ने,

(ग) विद्यालयमा सञ्चालन हुने वृत्ति मार्गनिर्देशन कार्यक्रमहरुको अनुगमन, निरीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने,





(घ) वृत्ति मार्गनिर्देशन सेवालाई प्रभावकारी बनाउन वृत्ति मार्गनिर्देशन प्रदान गर्ने विज्ञहरुको रोस्टर सूची तयार पार्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी सामाग्रीहरु विकास गर्न आवश्यक कार्य गर्ने,

(च) प्रशिक्षक प्रशिक्षण लगायतका तालिम सञ्चालनका लागि आवश्यक कार्य गर्ने,

(छ) स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र, उद्योग र विद्यालयसँग समन्वय गर्ने,

(ज) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित अभिलेखहरु अध्यावधिक गर्ने गराउने,

(झ) सूचना, तथ्यांक तथा विवरणको प्रविधिमैत्री डाटावेशको व्यवस्थापन सुनिश्चित गर्ने,

(ञ) स्थानीय सरकार/रोजगार सेवा केन्द्र, उद्योग एवम् शैक्षिक संस्थाहरुसँग समन्वय गर्ने,

(ट) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गरिएका युवा तथा विद्यार्थीहरुको सफलताका कथा र अनुभवको आदान प्रदान र अभिलेखीकरण तथा प्रचार प्रसारको व्यवस्था मिलाउने,

(ठ) वृत्ति मार्गनिर्देशन सम्बन्धी विभिन्न तालिमहरुमा सहभागी हुने र सहजिकरण गर्ने,

(ड) वृत्ति मार्गनिर्देशन सम्बन्धी आवधिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरुलाई पेश गर्ने, र

(ढ) युवा तथा विद्यार्थीहरुलाई प्रदान गरिएको वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी परामर्शको औचित्यताको आधारमा गोपनियता कायम राख्ने, राख्न लगाउने,

११. <u>वृत्ति मार्गनिर्देशन सहजकर्ता/काउन्सलरको काम, कर्तव्य र अधिकार</u>: वृति मार्गनिर्देशन सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) लक्षित वर्गलाई सामूहिक तथा व्यक्तिगत रुपमा वृत्ति मार्गनिर्देशन सम्बन्धी निर्देशन र परामर्श सेवा प्रदान गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा र सेवाग्राहीहरुको तथ्यांक र सूचनाहरु सङ्कलन गरी सुरक्षित राख्ने,

(ग) सूचना तथा तथ्यांक डाटाबेस अध्यावधिक गर्ने कार्यमा संयोजकलाई सहयोग गर्ने,

(घ) सेवा प्रदान गर्ने कक्षलाई व्यवस्थित गरेर राख्ने,

(ङ) आवश्यक सामाग्रीहरु सुरक्षित साथ मिलाएर राख्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित सम्पूर्ण अभिलेखहरु सुरक्षित रुपमा राख्ने,

(छ) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित सम्पूर्ण कुराहरुको गोपनियता कायम राख्ने,

१२. <u>स्थानीय वृत्ति मार्गनिर्देशन सेवा कार्यान्वयन समितिः</u> (१) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी



खण्ड ९) संख्या ८, प्रदेश राजपत्र भाग ३ मिति २०८२।०९।२७

कार्यान्वयनको लागि आवश्यकता अनुसार स्थानीय तहहरुमा देहाय बमोजिमको कार्यान्वयन समिति रहन सक्नेछः-

(क) सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष - संयोजक

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामुदायिक माध्यमिक विद्यालयको प्रधानाध्यापक मध्येबाट समितिले मनोनयन गरेको १ जना - सदस्य

(घ) सामुदायिक माध्यमिक विद्यालयको वृत्ति मार्ग निर्देशन शिक्षक मध्येबाट समितिले मनोनयन गरेको १ जना महिला सहित २ जना - सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको रोजगार संयोज - सदस्य

(च) स्थानीय युवा विकास क्षेत्रमा क्रियाशील संघ/संस्था मध्येबाट सम्बन्धित स्थानीय तहले मनोनयन गरेको एकजना प्रतिनिध - सदस्य

(छ) शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठकमा प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम क्षेत्र र वृत्ति मार्ग निर्देशन सेवामा क्रियाशील संघ/संस्थाको प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ।

१३. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: दफा १२ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा वृत्ति मार्गनिर्देशन कार्यक्रमको योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ख) विद्यालयहरुमा वृत्ति मार्गनिर्देशन एकाई स्थापना तथा व्यवस्थापनका लागि आवश्यक निर्देशन तथा सहजीकरण गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवा तथा कार्यक्रम सञ्चालन तथा विस्तार गर्न आवश्यक श्रोत र जनशक्तिको व्यवस्थापन गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यक्रमहरुको निरन्तरता, एकरुपता तथा गुणस्तरीयताको लागि सरोकारवालाहरु बीच आवश्यक समन्वय र सहकार्य गर्ने,

(ङ) प्रदेश तथा संघीय सरकारसँगको समन्वय र सहकार्यमा स्थानीय तह भित्रका वृत्ति मार्गनिर्देशन शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक कार्य गर्ने,

(च) शिक्षा, तालिम तथा वृत्ति विकास सम्बन्धी काम गर्ने संघसंस्थाहरूबाट एकीकृत रूपमा सेवा सञ्चालन गर्न आवश्यक समन्वय गर्ने,

(छ) संचालित सेवाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यांक तथा विवरणको अनलाइन तथा अफलाइन अभिलेखीकरण गर्ने, गराउने।





## परिच्छेद-४

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा विभिन्न निकायहरुको भूमिका

१४. **मन्त्रालयको भूमिका**ः वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि अन्य मन्त्रालय, दातृनिकाय, निजी क्षेत्र र सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ग) विद्यालय/क्याम्पस/ शिक्षालयहरू मार्फत सेवा विस्तारको लागि आवश्यक समन्वय गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने जनशक्तिलाई क्षमता अभिवृद्धिका अवसर सृजना गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक पर्ने सूचना, सञ्चार तथा सिकाई सामाग्रीहरुको व्यवस्थापनका लागि डिजिटल प्लेटफर्मको व्यवस्थापन र सहजीकरण गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ज) वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमको अनुगमन एवम् आवश्यक सुधारको लागि निर्देशन गर्ने।

१५. <u>शिक्षा तालिम केन्द्रको भूमिका</u>: शिक्षा तालिम केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण र पुनर्ताजगी तालिम लगायत क्षमता अभिवृद्धि सम्बन्धित तालिम सञ्चालन गर्ने,

(ग) रुची, खुबी तथा क्षमताको आकलनको विभिन्न साधनहरुको निर्माण गर्ने गराउने,

(घ) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न आवश्यक सिकाई सामग्रीहरुको अध्यावधिक वा प्रकाशन गर्ने,

(ङ) स्थानीय तहमा रहेका वृति विकास एकाई, विभिन्न प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम शिक्षालय, वृत्ति मार्गनिर्देशन एकाईहरुलाई प्राविधिक सहयोग गर्ने,

(च) स्थानीय तहहरुबीच समन्वय गरी वृत्ति मार्गनिर्देशन सेवाप्रवाहको लागि सहजिकरण गर्ने,

(छ) प्रविधिको प्रयोग गरी सिकाई सामग्रीहरुलाई डिजीटलाईजेसन गर्ने,



खण्ड ९) संख्या ८, प्रदेश राजपत्र  भाग ३ मिति २०८२।०९।२७

(ज) वृत्ति मार्गनिर्देशन कार्यमा संलग्न निकाय तथा कर्मचारीहरुको क्षमता विकासको लागि समन्वय तथा कार्य सञ्चालन गर्ने,

(झ) वृत्ति मार्गनिर्देशन तथा रोजगार मेला सञ्चालन गर्न सहयोग गर्ने,

(ञ) वृत्ति मार्गनिर्देशन तथा रोजगार मेला सञ्चालन गर्न सहयोग गर्ने,

१६. <u>शिक्षा विकास निर्देशनालयको भूमिका</u>: शिक्षा विकास निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश भित्रका स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई र विद्यालयहरुसँग आवश्यकता अनुसार समन्वय, सहकार्य तथा सहजीकरण गर्ने,

(ख) विद्यालय र स्थानीय तहहरूबाट वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रम सञ्चालनका लागि वार्षिक बजेट तथा कार्यक्रम मार्फत सहयोग तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने,

१७. <u>सामाजिक विकास कार्यालयको भूमिका</u>: सामाजिक विकास कार्यालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी सूचना एवं जानकारी लक्षित वर्गसम्म प्रवाहित गर्न सहयोग गर्ने,

(ख) स्थानीय तहमा रहेका वृत्ति विकास एकाई, विभिन्न प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम शिक्षालय, वृत्ति मार्गनिर्देशन एकाईहरुलाई आवश्यकता अनुसार सहयोग गर्ने,

(ग) जिल्ला भित्रमा स्थानीय तहहरुबीच समन्वय गरि वृत्ति मार्गनिर्देशन सेवाको प्रवाहको लागि सहजिकरण गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी तथ्याङ्क सङ्कलन तथा प्रतिवेदनका लागि निर्देशनालय, तालिम केन्द्र र मन्त्रालयको निर्देशानुसार कार्य गर्ने।

१८. <u>स्थानीय तहको भूमिका</u>ः स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश, दातृनिकाय, नीजी क्षेत्र र सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवामा पहुँच अभिवृद्धिको लागि रोजगार सेवा केन्द्र तथा विद्यालय मार्फत सेवा प्रदान गर्ने प्रबन्ध मिलाउने,

(ग) वृत्ति मार्गनिर्देशन सेवामा आवद्ध जनशक्तिलाई क्षमता अभिवृद्धि तालिमको लागि सहयोग गर्ने,





(घ) विद्यालयलाई आवश्यक पर्ने सूचना तथा सिकाई सामाग्रीको लागि सहयोग गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि स्रोत व्यवस्थापन गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक सूचना, तथ्यांक तथा विवरणको डाटावेश प्रणाली विकासको लागि सरकारी, गैह्र सरकारी, विकास साझेदार तथा निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने,

(छ) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन, अवलोकन तथा सिकाईलाई संस्थागत गर्ने।

१९. <u>प्राविधिक शिक्षालय, विद्यालय र संस्थाको भूमिका</u>ः प्राविधिक शिक्षालय/विद्यालय/संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) विद्यार्थीहरूको लागि वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन गर्ने र यस कार्यमा स्थानीय तह र प्रदेश स्तरीय वृत्ति मार्गनिर्देशन सेवा केन्द्रलाई सहयोग तथा समन्वय गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको बारेमा विद्यार्थी तथा अभिभावकलाई जानकारी गराउने,

(ग) वृत्ति मार्गनिर्देशन सेवामा पहुँच अभिवृद्धिको लागि सहजीकरण गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालाहरुसँग सञ्चार तथा समन्वय गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सम्बन्धी सूचना, जानकारी एवं शिक्षाका लागि विद्यार्थीहरूलाई अवलोकन भ्रमण तथा विज्ञ सँगको अन्तर्कृया लगायतका कार्यक्रम सञ्चालन गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सम्बन्धी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

२०. <u>निजीक्षेत्र, उद्योगी व्यवसायी संघ तथा महासंघको भूमिका</u>ः निजीक्षेत्र, उद्योग व्यवसायी संघ तथा महासंघको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग गर्ने,

(ख) बजारको माग अनुसारको आवश्यक सीप तथा क्षमताको पहिचान गरी जानकारी उपलब्ध गराउने,

(ग) श्रम बजारको अवस्थाको जानकारी तथा अभिमूखीकरणको लागि सहजीकरण गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवामा उद्योगमा कार्यरत कामदारहरूको पहुँच अभिवृद्धिको लागि सहजीकरण गर्ने,



खण्ड ९) संख्या ८, प्रदेश राजपत्र  भाग ३ मिति २०८२।०९।२७

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको आवश्यक सूचना, तथ्यांक साथै सिकाई र असल अभ्यासलाई प्रचार प्रसार गर्न सहयोग गर्ने,

(च) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने।

२१. <u>युवा परिषद, युवा क्लब र संजालहरूको भूमिका</u>ः युवा परिषद, युवा क्लब र संजालहरूको भूमिका देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा, सिकाई र असल अभ्यास बारेमा प्रचार प्रसारका लागि सहयोग गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने।

## परिच्छेद-५

## <u>अनुगमन तथा सुपरिवेक्षण सम्वन्धी व्यवस्था</u>

२२. <u>वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन सम्बन्धी व्यवस्था</u>ः वृत्ति मार्गनिर्देशन सेवाको गुणस्तरीयता र प्रभावकारीताको अनुगमन तथा सुपरीवेक्षण मन्त्रालय, शिक्षा तालिम केन्द्र,  शिक्षा विकास निर्देशनालय स्थानीय तह र निर्देशक समितिबाट हुनेछ।

२३. **मन्त्रालय सँग समन्वय गर्नुपर्ने**: वृत्ति मार्गनिर्देशन सम्बन्धी कार्य सञ्चालन गर्ने वा सहयोग गर्ने विकास साझेदार वा गैर सरकारी संस्थाहरूले मन्त्रालयसँग समन्वय गरी सहकार्य गर्नु पर्नेछ।

२४. **सम्पर्क व्यक्ति (फोकल पर्सन) सम्बन्धी व्यवस्था**: वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यका लागि मन्त्रालयले कार्यक्रमको सम्पर्क व्यक्ति तोक्न सक्नेछ। विद्यालयले माध्यमिक तहका वृत्ति मार्गनिर्देशक शिक्षकहरु मध्येबाट एकजना स्थायी शिक्षकलाई वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धि कार्यका लागि सम्पर्क व्यक्तिका रुपमा तोक्नु पर्नेछ।

२५. **प्रतिवेदन सम्बन्धमा**: वृत्ति मार्गनिर्देशन सेवा केन्द्रले  शिक्षा तालिम केन्द्र मार्फत त्रैमासिक/वार्षिक प्रतिवेदन मन्त्रालय पेश गर्नु पर्नेछ । साथै वृत्ति मार्गनिर्देशन सेवा प्रदान हुने विभिन्न निकायहरु जस्तै; विद्यालय/शिक्षालय, स्थानीय तह, र अन्य सेवा केन्द्रहरुले डिजीटलाईज डाटावेश प्रणालीमा प्रगती विवरण प्रविस्ट गर्नु पर्नेछ।

## परिच्छेद–६
## विविधः

२६. **सेवा शुल्क लिन नपाइने**: वृत्ति मार्गनिर्देशन सेवा (सूचना, परामर्श, तथा अन्य सेवा) उपलब्ध गराए वापत सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिन पाइने छैन।

२७. **बजेट व्यवस्थापन तथा बजेट प्रवाह संयन्त्र**: (१) यस कार्यविधि बमोजिम प्रदान गरिने सेवा प्रदान गर्नको लागि मन्त्रालयले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा आवश्यक व्यवस्था गर्नेछ।





(२) मन्त्रालयले यस क्षेत्रमा कार्यरत संघ, संस्था तथा विकास साझेदारहरुको सहकार्यमा सेवाहरु सञ्चालन गर्न सक्नेछ।


(३) मन्त्रालयले अन्तर सरकार समन्वय तथा अन्तर मन्त्रालयको सहकार्यमा सेवालाई प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका खेल्नेछ।

२८. **बाधा अड्काउ फुकाउने अधिकार**: यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा द्विविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ।

## अनुसूचि-१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको विस्तृत ढाँचा




***(PCMU)- Placement counselling and Management Unit,** ****(SDU)- Skill Development Unit**

आज्ञाले,
डा. हेमराज रेग्मी
प्रदेश सरकारको सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १५।-